➢ **वित्तिय क्षेत्र :** यस गा.पा. भित्र संचालित प्रभु बैंकले गा.पा. भित्रका जनताहरुमा आवश्यक आर्थिक कृयाकलापमा प्रभावकारी योगदान पुर्याएको ।

➢ **अधारभुत सुविधाको स्थिति :**

✓ नेपालको हिमाली, पहाडी र तराई क्षेत्र मध्ये भौगोलिकताको हिसाबले तराई प्रदेश सुगमता जहाँ हाम्रो गा.पा.ले खानेपानी सरसफाई संरचना निमार्णमा १२.७८% योगदान पूर्याई हाल खानेपानी र सरसफाईमा सुधारात्मक स्थितिलाई अगाडि बढदैछ ।

✓ नेपालको कुल विद्युत्तको सुविधा प्राप्त गर्ने घर धुरी ६७.७% जहाँ, प्रदेशको ६०.४% जहाँ यस गा.पा. भित्र सम्पूर्ण क्षेत्रहरु विद्युत्त सुविधा प्राप्त रहेको विधितै छ ।

✓ नेपालको कुल ६१.५% घरधुरीले शौचालय सुविधा प्राप्त गरेको प्रदेशमा २६.४% घरधुरीमा मात्र शौचालय सुविधा रहेको जहाँ हाम्रो गा.पा. भित्रका २ वटा वडाहरु खुलादिशामुक्त भई अन्य ४ वडाहरु समेत खुल्लादिशा मुक्त बनाउने योजनालाई ग्राहयता दिएको छ ।

**चुनौती :-**

- देशमा भएको राजनैतिक परिवर्तन अनुरुप समाजलाई आर्थिक, सामाजिक रुपले रुपान्तरण गर्ने कार्यमा चुनौति रहेको छ ।
- सरसफाई तथा बाटो बिस्तार गर्ने कार्य चुनौतिपूर्ण रहेको देखिएको छ ।
- महिला, दलित, गरिब तथा विपन्न परिवारको शिक्षा क्षेत्रमा पहुँच बढाउने चुनौति रहेका छ ।
- संघिय सरकार तथा प्रदेश सरकारको निति नियम अनुरुपका ग्राहय सम्मत राजस्व संकलन गर्न कार्य चुनौतिपूर्ण रहेको छ ।
- देशको राजनैतिक परिवर्तन अनुरुप स्थापित संघिय संरचनाको मुलर्ममको स्विकार्यतालाई जनमानसमा अनुमति गराउन चुनौतिपूर्ण रहेको छ ।

**बजेटका उद्देश्यहरु :-**

- स-साना शिपमूलक कार्यक्रमहरुलाई रोजगारी तथा आर्थिक उपलब्धीमुलक बनाई गरिबी न्युनीकरण गर्ने ,
- जनतालाई नजिकबाट सेवा प्रबाह ,
- कृषी क्षेत्र विकास, शिपमूलक तालिमबाट रोजगारी सृजना,